



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क ३०५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ मंसिर १० गते शुक्रबार ❑ 26 Nov. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## प्रदेश सरकारले देखिने गरी काम गरेको छ : मुख्यमन्त्री पोखरेल

**पोखरापत्र संवाददाता**
**पोखरा, ९ मंसिर**



गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले सरकारले नागरिकले महसुस गने गरी काम गर्दै आएको भनाइ राखे ।

सरकारमा आएको ५ महिनाको अवधिमा कुनै बाटो बन्ने पुल बन्ने काम हुन नसके पनि सामाजिक क्षेत्रमा महत्वपूर्ण काम गरेको भनाइ राखे । यसै अभियान अन्तर्गत कोभिडले अभिभावक गुमाएका बालबालिकालाई राहत प्रदान गरिएको भनाइ उनको थियो । मुख्यमन्त्रीले भने, 'हामी बालबालिकाका अभिभावक त दिन सक्दैनौं, तर ती बालबालिकालाई हामी अभिभावकत्व त दिन सक्छौं नि भनेर यो काम थालेका हौं ।'

कोभिडबाट ज्यान गुमाएका व्यक्तिका परिवारलाई प्रतिव्यक्ति ५० हजार रुपैयाँ प्रदान गर्ने कार्यविधि पनि तयार भइसकेको र छिटै नै रकम हस्तान्तरण गरिने मुख्यमन्त्रीले बताए । बजेट र नीति तथा कार्यक्रममा उल्लेख गरिएका सबै प्रतिबद्धता पूरा गर्न अधिकांश कार्यविधि बनिसकेको भन्दै उनले अब धमाधम बजेट कार्यान्वयनमा जाने उल्लेख गरे । कठीन परिस्थितिमा सरकार बनेको र छोटो अवधिमा बजेट ल्याउनु परेको भन्दै उनले विगतका सरकारले दायित्व सिर्जना गरेर छाडेका योजनाले नै नयाँ योजना ल्याउन नसकेको उनले बताए । मुख्यमन्त्री पोखरेलले भने, 'अहिले हाम्रो नेतृत्वको सरकारले ल्याएको ठूलो योजना भनेको डेढगाउँ-झ्यालवास सडक हो, उत्तरबाट दक्षिण छिचोल्ने बाटोको टुंगो बल्ल लागेको छ ।' प्रदेश सरकारले गाडीमा अनावश्यक खर्च गरेको सवालमा उनले सरकारले पूर्णरुपमा मितव्ययिता अपनाएको दाबी गरे । अहिले गठबन्धनको सरकार बनेको बेलामा मन्त्रालय थपिएको र प्रति मन्त्रालय एउटा गाडी दिँदैमा अनावश्यक खर्च गऱ्यो भनेर भन्न नमिल्ने उनको भनाइ थियो । मुख्यमन्त्रीले भने, 'तपाईंहरुले सूचनाको हक सम्बन्धी अधिकार प्रयोग गर्न सक्नुहुन्छ, हामीले के र कसरी दुरुपयोग गरेका छौं, त्यो देखिइहाल्छ नि ।'

कार्यक्रममा सभामुख नेत्रनाथ अधिकारीले सामाजिक विकासका क्षेत्रमा प्रदेश सरकारले चालेका कदमको प्रशंसा गरे । शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्री मेखलाल श्रेष्ठले मानिस जिवित रहँदै उनको स्याहार सुसार र उपचार हुनुपर्ने भन्ने सामाजिक मान्यताबाट प्रेरित भएर प्रदेश सरकारले काम गर्दै आएको भनाइ राखे ।कोभिडले अभिभावक गुमाएका बालबालिकाको शिक्षाको दायित्व सरकारले दिनकै लागि मासिक ५ हजार रुपैयाँ प्रदान गरेको उनको भनाइ थियो । यसैगरी प्रदेशका हरेक घर लैंगिक हिंसामुक्त बनाउनका लागि नागरिकस्तरबाटै पहल हुने र त्यसमा सरकारको साथ रहने प्रतिबद्धता उनले जनाए ।

कार्यक्रममा मानव सेवा आश्रमका अध्यक्ष राजु अधिकारीले सभ्य र जिम्मेवार समाज निर्माणको अभियानमा आफूहरु जुटेको र त्यसमा संघ, प्रदेश र स्थानीय सरकारहरुबाट सहयोग हुँदै आएकोमा खुसी व्यक्त गरे ।

गैरसरकारी संस्था महासंघ गण्डकी अध्यक्ष बिना सिलवालले समाजलाई लैंगिक हिंसामुक्त बनाउने अभियान आफैबाट आजै सुरु गरिहाल्नुपने भनाइ राखिन् । मन्त्रालयको महाशाखा प्रमुख जमुना पौडेल, तोयानाथ लम्सालले उक्त अवसरमा भनाइ राखेका थिए ।

## नेपाललाई अल्पविकसित देशबाट स्तरोन्नति गर्ने प्रस्ताव राष्ट्रसङ्घद्वारा अनुमोदन

**रासस**
**काठमाडौं, ९ मंसिर**

नेपाललाई संयुक्त राष्ट्रसङ्घको महासभाले आगामी सन् २०२६ सम्ममा अल्पविकसित राष्ट्रबाट मध्यमस्तरको विकासशील राष्ट्रमा स्तरोन्नति गर्नेसम्बन्धी प्रस्तावलाई अनुमोदन गरेको छ।

उक्त प्रस्तावलाई अनुमोदनका लागि संयुक्त राष्ट्रसङ्घको आर्थिक तथा सामाजिक परिषद्ले महासभामा पेश गरेको थियो । संयुक्त राष्ट्रसङ्घका लागि नेपाली स्थायी नियोग प्रमुख अमृत राईले राससलाई दिनुभएको जानकारीअनुसार नेपालको स्तरोन्नतिसम्बन्धी प्रस्तावलाई पाँच वर्षको तयारी अवधिसहित राष्ट्रसङ्घले बुधवार अनुमोदन गरेको हो । उक्त अवसरलाई सम्बोधन गर्दै राईले नेपालले आगामी पाँच वर्षभित्र अर्थतन्त्रको संरचनागत परिवर्तनका लागि आफ्ना तर्फबाट सम्पूर्ण प्रक्रिया पूरा गर्न प्रतिबद्ध रहेको बताउनुभएको थियो।

राईले अगाडि भन्नुभयो, "नेपाल सरकारले स्तरोन्नतिसम्बन्धी रणनीति तर्जुमा समेत गरिसकेको छ, अब पाँच वर्षभित्र अर्थतन्त्रको संरचना तयार पारेर अन्तर्राष्ट्रिय समुदायमा देशको छवि उँचो बनाउने अवसर हो।"

राईले नेपाल स्तरोन्नतिका लागि गरेको मेहेनतलाई कार्यान्वयन तहमा पुरयाउन पाउँदा खुसी लागेको प्रतिक्रिया दिनुभयो । उहाँले भन्नुभयो, "सन् २०२६ पछि थपिन सक्ने चुनौतीलाई सम्बोधन गर्नसमेत हामीहरूले आग्रह गरेका छौँ, यसमा विकास साझेदार संस्थाहरूसँग छलफल गरेर एउटा निर्णयमा पुग्ने नै छौँ।"

नेपालले सन् २०१५ र २०१८ मा पनि स्तरोन्नतिको मापदण्ड पूरा गरेको थियो तर तत्कालीन अवस्थामा भूकम्पका कारणले अर्थतन्त्रले गम्भीर चुनौतीको सामना गर्नुपरेको भन्दै यो प्रस्तावसम्बन्धी कार्यलाई नेपालले पछि सारेको थियो।

राष्ट्रसङ्घले विभिन्न मापदण्डका आधारमा तयार पार्ने अल्पविकसित देशहरूको सूचीमा नेपाल सन् १९७१ मा सूचीकृत भएको थियो । पचास वर्षपछि नेपालले विश्वमानचित्रमा आफूलाई विकासशील देशको सूचीमा सूचीकृत गर्न सफल हुनु नेपालका लागि एक महत्वपूर्ण अवसर हो।

## वन महासंघको लैङ्गिक हिंसाविरुद्ध राष्ट्रिय अभियान सुरु

**पोखरापत्र संवाददाता**
**पोखरा, ९ मंसिर**

मुलुकमा हुने गरेका लैङ्गिक हिंसाका घटनालाई अन्त्य गने लक्ष्यका साथ सामुदायिक वन उपभोक्ता महासंघ नेपालले बिहीबारदेखि लैङ्गिक हिंसाविरुद्धको १६ दिने राष्ट्रिय अभियान सुरु गरेको छ।

विगतका वर्षदेखि नै लैङ्गिक हिंसा न्यूनीकरणका लागि विभिन्न अभियान सञ्चालन गर्दै आएको महासंघले यस वर्ष पनि राष्ट्रव्यापीरूपमा सबैखाले हिंसाविरुद्धमा अभियान सञ्चालन गरेको सामुदायिक वन उपभोक्ता महासंघ नेपालका केन्द्रीय अध्यक्ष भारती पाठकले जानकारी दिनुभयो । 'घरबाटै सुरु गरौँ, महिला हिंसा अन्त्य गरौँ' भन्ने नाराका साथ गर्न लागिएको अभियानले लैङ्गिक हिंसा न्यूनीकरणका लागि आवश्यक नीति नियमको तर्जुमा गर्न वा विद्यमान नीति नियमको पुनरावलोकन गर्नसमेत सघाउ पुग्ने विश्वासका साथ कार्यक्रम सुरु भएको उहाँको भनाइ छ।

उहाँले यस अभियानसँगै सबै जिल्ला महासङ्घले लैङ्गिक हिंसाका सवाल पहिचान गरी यससम्बन्धी भएका विद्यमान नीतिनियमका बारेमा सामुदायिक वन उपभोक्ता, सरोकारवालालाई नीति निर्माता र योजनाविद्‌लाई लैङ्गिक हिंसाको अवस्थाबारे सचेतना तथा यथार्थ बोध गराउँदै हिंसाको अन्त्य गनेतर्फ सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, "राष्ट्रपति विद्यादेवी भण्डारीको प्रमुख आतिथ्यतामा यही मङ्सिर १९ गते राष्ट्रियसभा गृहमा लैङ्गिक हिंसाविरुद्धको अभियानमा हाम्रो प्रतिबद्धता सार्वजनिक गदै कार्यान्वयतर्फ लाग्ने तयारी गरिएको छ।

अभियानअन्तर्गत प्रदेश र स्थानीय महासंघ र स्थानीय तहको समन्वयमा निबन्ध, कविता, वक्तित्वकला प्रदर्शन, जिल्लास्तरीय पत्रकार सम्मेलन, दोहोरी गीत प्रतियोगिता, नागरिक बहस, सम्मान, सामुदायिक वनमा लैङ्गिक हिंसाविरुद्धको प्रगियोगिता, जनचेतानामूलक ऱ्याली, हिंसाविरुद्धको चित्रकला रेडियो, अनलाइनमार्फत कविता गीत प्रसारण विद्यालयमा चेतनामूलक

बाँकी अन्तिम पृष्ठमा ▶▶

## नेकपा एमालेको महाधिवेशनमा दुई हजार १७५ प्रतिनिधि सहभागी हुने

**रासस**
**काठमाडौं, ९ मंसिर**

नेकपा (एमाले)को १० औँ राष्ट्रिय महाधिवेशनमा दुई हजार १७५ प्रतिनिधि सहभागी हुने भएका छन् ।

एमालेका प्रचार विभाग उपप्रमुख सूर्य थापाले निर्वाचित र मनोनित गरी दुई हजार १७५ प्रतिनिधि महाधिवेशनमा सहभागी हुने जानकारी दिनुभयो । यसअघि कात्तिक २७ गते देशभरिबाट एक हजार ९९९ प्रतिनिधि सहभागीका लागि निर्वाचित भएका थिए ।

यही मङ्सिर ७ गते बसेको स्थायी कमिटी बैठकले कूल निर्वाचित प्रतिनिधिको पाँच प्रतिशत प्रतिनिधि मनोनयन गरेको थियो । यसैगरी महाधिवेशनमा १३० पर्यवेक्षक सहभागी हुने भएका छन् । चितवनको भरतपुरमा शुक्रबारदेखि एमालेको महाधिवेशन सुरु हुँदै छ । महाधिवेशनले १५ पदाधिकारीसहित २२५ केन्द्रीय कमिटी तथा लेखा र अनुशासन आयोगमा १५/१५ जना निर्वाचित गर्ने छ । महाधिवेशनका लागि देशभरिबाट प्रतिनिधि चितवन आउने क्रम जारी रहेको छ । महाधिवेशन मङ्सिर १२ गतेसम्म सञ्चालन हुनेछ ।

## राप्रपाका अध्यक्षमा लिङ्देन र महामन्त्रीमा राणाको उम्मेदवारी

**रासस**
**काठमाडौं, ९ मंसिर**

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का नेता राजेन्द्र लिङ्देनले पार्टीको आसन्न एकता महाधिवेशनमा अध्यक्ष पदमा उम्मेदवारी दिने घोषणा गर्नुभएको छ ।

यहाँ बिहीबार आयोजित पत्रकार सम्मेलनमा उहाँले आम नागरिकको भावनालाई प्रतिविम्बित हुनेगरी राजनीतिक गतिविधि सञ्चालन गरी पार्टीलाई वैकल्पिक शक्तिका रूपमा स्थापित गराउन आफूले अध्यक्षमा उम्मेदवारी दिन लागेको जानकारी दिनुभयो ।

सांसद रहनुभएका नेता लिङ्देनले पार्टीले अवलम्बन गरेको वैचारिक दृष्टिकोणमा नेतृत्व संवेदनशील नभएको आरोप समेत लगाउनुभयो । सोही कार्यक्रममा अर्का नेता धवलशम्शेर राणाले उक्त महाधिवेशनमा आफूले महामन्त्री पदमा उम्मेदवारी दिने घोषणा गर्दै मुलुकमा सुशासन र समृद्धि कायम गर्न अब युवा पुस्ता राजनीतिक दलका साथै सरकारको नेतृत्वमा आउन जरुरी रहेको बताउनुभयो । नेपालगञ्ज उपमहानगरपालिकाका प्रमुखसमेत रहनुभएका उहाँले पुरानो पुस्ताले नेतृत्व छोड्न नचाहेका कारण युवा सक्षम र क्षमतावान भएर पनि समकालीन राजनीतिको नेतृत्वमा आउन नसकेको विचार व्यक्त गर्नुभयो । यही मङ्सिर १५ देखि १७ गतेसम्म काठमाडौँमा राप्रपाको अधिवेशन हुँदैछ ।

## कांग्रेसको ३२ जिल्ला अधिवेशन सम्पन्न

**रासस**
**काठमाडौं, ९ मंसिर**

नेपाली कांग्रेसले आसन्न १४औँ महाधिवेशनअन्तर्गत आजसम्म ३२ जिल्लामा जिल्ला अधिवेशन सम्पन्न गरेको छ।

बाँकी जिल्लामा पूर्व निर्धारित कार्यतालिकाअनुसार शुक्रबारदेखि जिल्ला अधिवेशन प्रारम्भ हुने कांग्रेसको केन्द्रीय निर्वाचन समितिले जनाएको छ।

एक मात्र प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएका ३५ जिल्लामध्ये रसुवाबाहेक सबैमा पार्टीको जिल्ला अधिवेशन भएको र परिणाम आउने क्रममा रहेको समितिका सचिव जगन्नाथ श्रेष्ठले जानकारी दिनुभयो । यसैगरी १६५ प्रतिनिधिसभा निर्वाचन क्षेत्रमध्ये हाल १२२ निर्वाचन क्षेत्रमा क्षेत्रीय अधिवेशन भएको र बाँकीमा अधिवेशन हुने क्रममा रहेको उहाँले बताउनुभयो।

अधिवेशन प्रारम्भ भएका जिल्लामा मतदान भई परिणाम प्राप्त भइरहेको, मनोनयन गरी मतदान भइरहेको, सर्वसम्मतिको प्रयास भइरहेको छ । प्रतिनिधिसभा क्षेत्रीय अधिवेशनबाट पार्टीको केन्द्रीय नेतृत्व चयन गर्ने महाधिवेशन प्रतिनिधि निर्वाचित हुन्छन् । हालको विधानअनुसार प्रत्येक निर्वाचन क्षेत्रबाट कम्तीमा २५ जना र बढीमा २७ जनाका दरले महाधिवेशन प्रतिनिधि चयन हुने व्यवस्था छ। हाल प्रारम्भ भइसकेका १२२ निर्वाचन क्षेत्रबाट तीन हजार बढी महाधिवेशन प्रतिनिधि चयन भइसकेका छन् । चौधौँ महाधिवेशनका लागि गत भदौ १८ गतेदेखि वडास्तरीय अधिवेशन प्रारम्भ गरेको कांग्रेसले त्यसयता अधिकांश जिल्लामा पालिकास्तरको अधिवेशन र प्रदेशसभा क्षेत्रीय अधिवेशन सम्पन्न गरिसकेको छ।

कांग्रेसको पछिल्लो संशोधित अधिवेशन कार्यतालिकाअनुसार प्रतिनिधिसभा निर्वाचन क्षेत्रीय अधिवेशन/एक क्षेत्रमात्र प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन मङ्सिर ६ गते लागि निर्धारण गरिएको थियो । यसैगरी एकभन्दा बढी प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएका जिल्लाको जिल्ला अधिवेशन मङ्सिर १० गते शुक्रबार हुदैछ भने प्रदेश अधिवेशन मङ्सिर १६ र १७ गते गर्ने कार्यतालिका छ। कांग्रेसको १४औँ महाधिवेशन यही मङ्सिर २४ देखि २६ गतेसम्म काठमाडौँमा हुनेछ। क्रियाशील सदस्यताको विवादका कारण ढिलाइ भएको एकमात्र जिल्ला सर्लाहीमा भने शुक्रबार वडा अधिवेशन प्रारम्भ हुन लागेको छ।



# जोन्टा क्लव अफ पोखराको महिला हिंसा विरुद्धको १६ दिने अभियानमा विभिन्न कार्यक्रम को आयोजना

**पोखरापत्र संवाददाता**
**मंसिर, ९ मंसिर**

जोन्टा क्लव अफ पोखराले लैंगिक हिंसा विरुद्धको १६ दिने अभियानको अवसर पारेर विभिन्न कार्यक्रम सम्पन्न गरेको छ।

अभियानका अवसरमा क्लवले पोखरामा विद्यालय स्तरिय निबन्ध प्रतियोगिता र बालविवाहको अन्त्यका लागि तयार पारिएको भिडियो सामाग्री सार्वजनिक गरेको क्लवका अध्यक्ष लिना श्रेष्ठ गोशलीले जानकारी दिइन्। कार्यक्रममा कुमुदिनी होम्स माध्यमिक विद्यालय, पश्चिमाञ्चल माध्यमिक विद्यालय, विन्ध्येश्वरी आर्दश बोर्डिङ स्कुल र गुरुकुल विद्याश्रमसंगको सहकार्यमा निबन्ध प्रतियोता सम्पन्न गरेको क्लवका अध्यक्ष गोशलीले जानकरी दिइन्। यस्तै बालबिवाह अन्त्यसम्बन्धी क्लवका सदस्य तथा एड्भोकेसी कमिटी सदस्य सुबि तन्दुकरले तयार पारेको भिडियो प्रमुख जिल्ला अधिकारी जय नारायण आचार्यले सार्वजनिक गरे। साथै सो कार्यक्रममा निबन्ध प्रतियोगितामा प्रथम, द्वितिय, तृतिय हुने विद्यार्थीहरुलाई नगद सहित



प्रमाणपत्र सहित पुरस्कृत गरिएको क्लवका कोषाध्यक्ष नम्रता दाहाल थापाले जानकारी दिइन्।

प्रतियोगितामा कुमुदिनी होम्सका अभिनव बानिया, दिप्सन कोइराला र दिया गुरुङ क्रमश प्रथम, द्वितिय र तृतिय घोषित भए। यस्तै पश्चिमाञ्चलका आकृति अधिकारी, गरिमा ढुंगेल र जेसिका गुरुङ क्रमश प्रथम द्वितिय, र तृतिय भए। त्यस्तै विन्ध्येश्वरी आर्दशका पुजा सुनार प्रथम, सितल कंडेल द्वितिय र सोचना श्रेष्ठ तृतिय भए। त्यसैगरि गुरुकुलका सज्जल सुनार, मनिला क्षेत्री र दिया गुरुङले क्रमश प्रथम, द्वितिय, र तृतिय स्थान हाँसिल गरेको क्लवले जनाएको छ। कार्यक्रमका प्रमुख अतिथि कास्कीका प्रमुख जिल्ला अधिकारी जयनारायण आचार्यले कास्कीमा महिला हिंसा बिरुद्द शुन्य सहनशिलता अपनाइने प्रतिवद्धता ब्यक्त गरे। आचार्यले हरेक कार्यक्रम गर्दा आफ्नो आमाले सम्झेर ब्यबहारिक र प्रभाबकारी कार्य गर्न सुझाब दिए।

कार्यक्रममा नेपाल पत्रकार महासंघ कास्कीका निबर्तमान अध्यक्ष दीपेन्द्र श्रेष्ठले कार्यक्रम सफलताको शुभकामना ब्यक्त गदै '१६ दिने अभियानको नारा 'घर बाटै शुरु गरौं, महिला हिंसा अन्त्य गरौं' नारालाई ब्यबहारमा अनुबाद गर्न आग्रह गरे। शिक्षासेवी पद्मा पराजुलीले यो दिवस एक थान दिवस मात्र नभई महिला अधिकारकोलागि महत्वपूर्ण अभियान भएकाले सबैलाई गम्भिरतापूर्बक लिन आग्रह गरेकि थिइन्।

कार्यक्रम लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानमा विश्वभरका महिला तथा बालिका विरुद्ध हुने हिंसा अन्त्यका गर्ने र कारवाही गर्न प्रेरित गर्ने अन्तराष्ट्रिय अभियान अर्न्तगत क्लबले आयोजना गरेको जोन्टा क्लव अफ पोखराका महासचिब रोजिना रंजित बिजुक्षेले बताइन्।

विश्वमा कोरोना भाइरस संक्रमणको महामारीको सामना गरिरहेका बेला घरेलु हिंसा, लैङ्गिक हिंसाका घटनाहरु बढीरहेको भन्दै यसको अन्त्यको लागि एकजुट भएर काम गर्न आवश्यक रहेकोमा उनले जोड दिइन्।

प्रत्येक वर्ष नोभेम्वर २५ देखि डिसेम्बर १० सम्म चल्ने महिला हिंसा विरुद्धको १६ दिने अभियानको अवधीमा हिंसाहरुको रोकथामका लागि रोकथाम, महिलाहरुको संरक्षण र अभियोजनमा केन्द्रित हुनका लागि बहस, पैरवी र वकालत गर्ने प्रयासहरुमा भाग लिनपनि क्लवले सवैलाई आग्रह गरेको छ।

# विश्वकप एसिया छनोटमा नेपालद्वारा कुवेत पराजित

**रासस**
**काठमाडौं, ९ मंसिर**

आइसिसी महिला टी-ट्वान्टी विश्वकप एसिया क्षेत्र छनोट खेलअन्तर्गत आज भएको तेस्रो कुवेतविरुद्धको खेलमा नेपालले विजयी हासिल गरेको छ।

संयुत अरब इमिरेट्स (युएई) को आइसिसी एकेडेमी ग्राउन्डमा भएको खेलमा नेपालले कुवेतलाई ९ विकेटले पराजित गर्दै लगातार दोस्रो जित हात पार्‍यो। यसअघि भएको दोस्रो खेलमा नेपालले भुटानलाई ८ विकेटले पराजित गरेको थियो। त्यस्तै नेपाल पहिलो खेलमा भने हङकङसँग ६ विकेटले पराजित भएको थियो। कुवेतले दिएको २८ रनको लक्ष्य नेपालले ३ दशमलब ३ ओभरमा केवल एक विकेट गुमाएर पूरा गरेको थियो। नेपालका जितमा इन्दु बर्माले १३ रन जोडिन भने कप्तान रुविना क्षेत्रीले १२ रन जोडिन्। कुवेतका लागि एकमात्र विकेट मारिया जस्वीले हात पारिन्। यसअघि टस जितेर पहिले ब्याटिङ गरेको कुवेत १५ दशमलब ४ ओभरमा सबै विकेट गुमाउँदै जम्मा २७ रन जोडेको थियो। कुवेतका लागि प्रियादा मुरालीले सर्वाधिक १० रन जोड्दा अन्य खेलाडीले दोहोरो अङ्कमा रन जोड्न सकेनन। कुवेतलाई सस्तैमा समेट्ने क्रममा नेपालकी सङ्गीता राई र कप्तान रुविना क्षेत्रीले समान तीन-तीन विकेट हात पारे भने करुणा भण्डारी र सरस्वतीकुमारी चौधरीले एक-एक विकेट लिए।

कुवेत भने अघिल्ला दुबै खेलमा पराजित भएको थियो। कुवेत भुटानसँग ४० रन तथा मलेसियासँग ८१ रनले पराजित भएको थियो। नेपालले शुक्रबार मलेसियासँग खेल्नेछ।

# गुण एयरलाइन्सको चितवन-पोखरा उडान सुरु

**रासस**
**भरतपुर, ९ मंसिर**

चितवनमा शुक्रबारदेखि सुरु हुने नेकपा (एमाले)को १०औँ राष्ट्रिय महाधिवेशनका लागि भरतपुर विमानस्थलमा यात्रुको भीड बढ्न थालेको छ।

एमाले नेता तथा कार्यकर्ता विभिन्न जिल्लाबाट चितवन आउने क्रम बढ्न थालेसँगै विमानस्थलमा भीड बढ्न थालेको हो। भरतपुर विमानस्थलका सूचना अधिकारी दीपक विकले विमानस्थलमा बुधबारदेखि भीड बढ्न थालेको बताउनुभयो। उहाँले भन्नुभयो, "महाधिवेशन नजिकिएसँगै चितवनमा भिआइपी आउने र जाने क्रम बढ्न थालेको छ।

विमानस्थलमा पनि भीडभाड बढेको छ।" बुद्ध एयरका प्रबन्धक भक्त बस्नेतले पनि महाधिवेशनका लागि विमानस्थलमा चहलपहल बढ्न थालेको जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "काठमाडौँमा दैनिक १० उडान, पोखरा र भैरहवामा दुई उडान गरिरहेका छौँ। सबै जहाजमा यात्रु भरिएको छ। यात्रुको सङ्ख्या निरन्तर बढिरहेको छ।" असोज १ गतेदेखि काठमाडौँबाट यहाँसम्म उडान सुरु गरेको गुण एयरलाइन्सले एमाले महाधिवेशनलाई लक्ष्य गरी बुधबारदेखि पोखरामा पनि उडान सुरु गरेको छ।

गुणले यसअघि काठमाडौँका लागि दैनिक तीनवटा उडान गर्दै आएको थियो। उक्त एयरलाइन्सका स्टेशन इन्चार्ज कुलराज शर्माले सबै विमान काठमाडौँबाट भरिएर आउन थालेको जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "विमानस्थलमा चहलपहल बढेको छ। एमाले महाधिवेशनभरका लागि टिकट अग्रिम बुकिङ गर्नेको सङ्ख्या बढ्दो छ।"

# गलकोटको विकासबारे अर्थमन्त्रीलाई ध्यानाकर्षण

**पोखरापत्र संवाददाता**
**बागलुङ, ९ मंसिर**

गलकोट नगर क्षेत्रको विकासबारे नेकपा (माओवादी केन्द्र)ले अर्थमन्त्री जनार्दन शर्मा 'प्रभाकर'लाई ध्यानाकर्षण गराएको छ। आज गलकोट, हटियामा आयोजित अन्तर्क्रिया कार्यक्रममा पार्टीको नगर कमिटीले अर्थमन्त्री शर्मासमक्ष विविध विषयमा मागपत्र बुझाएको हो।

गलकोटमा इलाका प्रशासन कार्यालय स्थापना, स्मार्ट सिटी निर्माण र मध्यपहाडी पुष्पलाल लोकमार्ग कालोपत्रलगायतका विकास योजना यथाशीघ्र कार्यान्वयनमा ल्याउन अर्थमन्त्रीको ध्यानाकर्षण गराइएको माओवादी केन्द्रका नगर इञ्चार्ज फमलाल निउरेले जानकारी दिनुभयो। "हामीले पहिलेदेखि नै उठाउँदै आएका माग र मुद्दालाई अर्थमन्त्रीसमक्ष मौखिक र लिखित दुवै माध्यमबाट राख्यौँ", उहाँले भन्नुभयो, "प्रस्ताव अघि बढाउनेदेखि बजेट व्यवस्थापनका सन्दर्भमा सकारात्मक पहल लिने प्रतिबद्धता मन्त्रीज्यूबाट आएको छ।" यसक्रममा अर्थमन्त्री शर्माले गलकोटसहित समग्र जिल्लाको विकासमा सरकारले ध्यान दिने बताउनुभएको थियो। गलकोटमा इलाका प्रशासन कार्यालय स्थापनाको माग केही वर्ष अघिदेखि नै उठ्दै आएको छ। उक्त माग लिएर दुई वर्षअघि राजधानी पुगेको जनप्रतिनिधिसहितको सर्वदलीय टोलीले तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीलगायत मन्त्रीहरूलाई भेटेको थियो। गलकोट नगरपालिका र ताराखोला गाउँपालिकालाई कार्यक्षेत्र तोकेर कार्यालय खोल्ने भनिए पनि त्यो अझै कार्यान्वयनमा आउन सकेको छैन। सरकारी तवरबाट आश्वासन पाए पनि मागको सुनुवाइ नभएको गलकोटवासीको गुनासो छ। इलाका प्रशासन कार्यालय गलकोटमै खुलेमा नागरिकता बनाउनेदखि मालपोत र नापीको सेवा लिन घण्टौँ लगाएर सदरमुकाम धाउनुपर्ने सर्वसाधारणको बाध्यता हट्ने थियो। सरकारले देशका विभिन्न ठाउँमा बनाउने भनेको स्मार्ट सिटीको यो जना गलकोटमा पनि पार्नुपर्ने माग अर्थमन्त्री शर्मासमक्ष राखिएको नगर इञ्चार्ज निउरेले बताउनुभयो। यस्तै मार्ग खुलेको दुई दशक बढी भइसक्दा पनि कालोपत्र हुन नसकेको मध्यपहाडी पुष्पलाल लोकमार्गअन्तर्गत बागलुङ-घोडाबाँधे खण्ड कालोपत्र र गलकोट क्षेत्रको सडक सुधारका लागि पनि ध्यानाकर्षण गराइएको उहाँको भनाइ छ।

पाँच वर्षअघि कालोपत्र भएपनि लोकमार्गको घोडाबाँधे-हटिया खण्ड नियमित मर्मत सुधार नहुँदा रुग्ण अवस्थामा पुगेको छ। सो अवसरमा नेकपा (माओवादी केन्द्र) का स्थायी कमिटी सदस्यसमेत रहनुभएका अर्थमन्त्री शर्माले पार्टीको आन्तरिक परिस्थिति, आसन्न राष्ट्रिय सम्मेलनलगायतका विषयमा नेता, कार्यकर्तालाई जानकारी गराउनुभएको पार्टी नगर कमिटीले जनाएको छ। कार्यक्रममा (माओवादी केन्द्र)का जनप्रतिनिधिलगायत नेता, कार्यकर्ताको उपस्थिति थियो। लोकमार्ग भएर रुकुम जाने सिलसिलामा अर्थमन्त्री शर्माले गलकोटको कार्यक्रममा भाग लिनुभएको हो।

## वन...

नाटक गीत, कविता तथा खेलकूद कार्यक्रम गर्ने तयारी गरिएको छ। स्थानीय सरकारसँगको समन्वयमा सडक नाटक प्रदर्शन 'हिंसापीडित न्यायका लागि स्टेटमेन्ट निकाल्ने हिंसा अन्त्य गरौँ' भन्ने नारासहित महिलाका लागि जलवायु परिवर्तन न्यूनीकरणमा सामुदायिक वनको योगदान विषयमा विविध कार्यक्रम सञ्चालन गर्ने बताइएको छ।

विसं २०५२ स्थापना भएको महासंघले प्राकृतिक स्रोतमा स्थानीय समुदायको अधिकार स्थापना र महिला समानताका लागि अनवरतरूपमा संकल्प र संघर्ष गर्दै आइरहेको महासंघका महासचिव विर्खबहादुर शाहीले जानकारी दिनुभयो।

नेपालको सशक्त नागरिक सङ्गठनका रूपमा परिचित सामुदायिक वन उपभोक्ता महासंघले स्थापनाकालदेखि नै महिला सहभागिता, नेतृत्व विकास, आर्थिक सशक्तीकरण र संरचनात्मक परिवर्तनका लागि जनवकालत र सम्झौताहीन संघर्ष गर्दै आएको उहाँको भनाइ छ।

एक्काइसौँ शताब्दीमा पनि हाम्रो समाजमा महिला तथा बालबालिका र पछाडि पारिएको वर्ग विभिन्नखाले हिंसा र असमानताको सिकार हुन बाध्य भएको उल्लेख गर्दै उहाँले भन्नुभयो, 'हिंसारहित एवं समृद्ध समाज निर्माणमा अभियानबाट सहयोग पुग्ने महासंघको विश्वास छ।' अभियान बिहीबार मकवानपुर जिल्लाको भीमफेदी गाउँपालिकास्थित कालिका चण्डी सामुदायिक वन समूहबाट सुरु गरिएको छ। सामुदायिक वन समूहका उपभोक्ता, जनप्रतिनिधि, सरोकारवाला एवं विज्ञसहितको उक्त बृहत् भेलाको महासंघका केन्द्रीय अध्यक्ष भारती पाठकले आज एक कार्यक्रमका बीच अभियानको शुभारम्भ गर्नुभएको महासंघका सचिव ठाकुर भण्डारीले जानकारी दिनुभयो।

अभियानमा संघ, प्रदेश र स्थानीय महासंघसहित मुलुकका २२ हजारभन्दा बढी सामुदायिक वन समूहका दुई लाख उपभोक्ता परिचालन हुनेछन्।

# गण्डकीमा ३३ जना कोरोना संक्रमण मुक्त

**पोखरापत्र संवाददाता**
**गण्डकी, ९ मंसिर**

गण्डकी प्रदेशमा पछिल्लो २४ घण्टामा ३३ जना कोरोना सङ्क्रमण मुक्त भएका छन्। यस अवधिमा दुई जनाको मृत्यु भएको छ भने १० जना सङ्क्रमित थपिएका छन्।

स्वास्थ्य निर्देशनालय, प्रदेश स्वास्थ्य आपतकालीन कार्य सञ्चालन केन्द्रका संयोजक नवराज शर्माका अनुसार मृत्यु हुनेमा पोखरा महानगरपालिका-२९ का ८६ वर्षीय महिला र पोखराकै वडा नं ३० का ५१ वर्षीय पुरुष छन्। यीसँगै प्रदेशमा हालसम्म कोरोना सङ्क्रमण भई मृत्यु हुनेको सङ्ख्या एक जार ४१५ पुगेको छ। प्रदेशमा सक्रिय सङ्क्रमितको सङ्ख्या १७५ जना छन् भने होम आइसोलेशनमा १४९ जना रहेको निर्देशनालयले जनाएको छ।


## भारतीय राजदूतावास
## पेन्सन वितरण कार्यालय, पोखरा

## आवश्यकता (Vacancy)

१. भारतीय राजदूतावास पेन्सन बितरण कार्यालय पोखरामा माली पदको पदपुर्ती (नयाँ भर्ना) गर्नुपर्ने भएकोले माली पदको लागि ईच्छुक व्यक्तिहरुले आफ्नो व्यक्तिगत निवेदन, बायोडाटा, नेपाली नागरिकताको प्रमाण पत्र, शैक्षिक योग्यताको प्रमाण पत्र, डाक्टरद्धारा स्वास्थ्य परीक्षणको प्रमाण पत्र र माली सम्बन्धी कामको अनुभव भएमा सोको प्रमाण पत्र सहित दिनांक ०३ डिसम्वर २०२१ तदानुसार १७ मंसिर २०७८ दिनको १६:०० बजेभित्र यस भारतीय राजदूतावास, पेन्सन वितरण कार्यालय रामबजार पोखराको प्रशासन शाखामा सम्पर्क गर्नुहोला।

| सि. नं. | पद | संख्या | उमेर | शैक्षिक योग्यता |
|---|---|---|---|---|
| (क) | माली (Mali) | ०१ | १८ वर्ष भन्दा माथी | कक्षा ८ पास गरेको हुनु पर्ने छ। |

२. प्राप्त निवेदन र कागजपत्रहरुको आधारमा छनौट भएका उम्मेदवारहरुलाई मात्र टेलिफोन मार्फत अन्तर्वार्ताको लागि बोलाईने छ।

सम्पर्क नं. ०६१-४३१२४०
०६१-४३२८०५

कार्यालय प्रमुख
भारतीय राजदूतावास
पेन्सन वितरण कार्यालय, पोखरा



## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने:**
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने:**
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता:** अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग:** छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार


**जाँच्ने समय:** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।




## पायल्सका बिरामीको उपचार सेवा



२०७८ मंसिर ९ र १० गते
डा. हरि शरण अर्याल पायल्स-क्षारसुत्र विज्ञ

यस पञ्चम आयूर्वेद क्लिनिक प्रा.लि मा
काठमाण्डौका विज्ञ डा. हरि शरण अर्याल (कन्सलटेन्ट फिजिसियन)
यहि मंसिर ९ र १० गते आउनुहुने भएकोले पायल्स, गुदद्वार सम्बन्धि समस्या भएका बिरामिहरुले सम्पर्क राखि स्वास्थ्य लाभ लिनुहोला ।



लक्षणहरु : १. दिशागर्दा रगत आउने, दुख्ने, पोल्ने, चिलाउने । २. दिशागर्दा ठाँउमा मासु पलाएको । ३. दिशा राम्रोसंग नखुल्ने । ४. पायल्स, फिस्टुला, फिसर, पाइलोनिडल साइनस । ५. भोक नलाग्ने, छाती पोल्ने, पेट फुल्ने, अमिलोपानी आउने ।

पेट सम्बन्धी रोगहरु: ग्याष्ट्रिक, अल्सर, दिशा बढि लाग्ने, जण्डिस पत्थरी ।

क्षारसुत्र विधिबाट बिना अप्रेशन पायल्सको उत्कृष्ट उपचार सेवा ।

**पञ्चम आयूर्वेद क्लिनिक प्रा.लि.**
पोखरा-१०, इन्द्रचोक पोखरा रङ्शाला नजिकै फोन नं. ०६१-४३२२४२, ४३०४०७, ९८४६०६८८०६
फोनबाट पनि नाम दर्ता गराउन सकिन्छ ।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

केवल कर्महीन नै यतो हुन्छन जो भाग्यलाई फुकाउँछन र उसँग गुनासोको बाहुल्यता रहन्छ । - गौतम बुद्ध

## सम्पादकीय

# घरैबाट शुरु गरौं महिला हिंसा अन्त्यको अभियान

समाज जति विकसित र सभ्य हुँदै जान्छ त्यतिबेला मानवअधिकार पालना र हिंसाका घटना कम हुन्छन् । मानवअधिकार, न्याय र समानताका लागि वकालत गर्दै आएका देशमा हिंसा र विभेदका घटना कम हुने गरेको छ । अविकसित, गरिब, पछौटे चिन्तन र कुसंस्कार कायमै रहेका मुलुकहरुमा महिलामाथि हिंसा र विभेदका घटनामा कमि आउन सकेको छैन । कोभिड-१९ का कारण हिंसा र दुर्व्यवहारका घटना सार्वजनिक हुन पाएनन । सार्वजनिक भएका घटना पनि प्रहरी र प्रशासन समक्ष पुग्न सकेन । हिंसा र दर्ब्यवहारबाट पीडितले न्याय पाउने अवस्था नभएपछि आत्महत्या गर्नुपरेको घटना सार्वजनिक भएका छन ।

महिला विरुद्ध भैरहेको हिंसा विभेद र अन्याय अन्त्य गर्न संचालन हुने विभिन्न अभियान मध्ये अन्तर्राष्ट्रिय रुपमा मनाउने गरिएको लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान शुरु भएको छ । यस वर्ष "घरैबाट शुरु गरौ, महिला हिंसा अन्त्य गरौं "भन्ने राष्ट्रिय नारा तय गरिएको छ। नोभेम्वर २५ देखि डिसेम्बर १० सम्म विभिन्न कार्यक्रम गरी यो अभियान संचालन गरिन्छ । सन् १९९९ देखि यो दिवस संसारभरी विभिन्न चेतनामुलक कार्यक्रम गरी मनाइंदै आइरहेको छ । नोभेम्वर २५ महिला माथि हुने हिसांको अन्त्य गर्ने दिवसको छुट्टै महत्व छ। डोमिनिकन रिपब्लिकको निरंकुश र अत्याचार शासकको विरुद्ध आवाज उठाउने दुई बहादुर दिदीबहिनी मिरावल र पेट्रिकाको निरंकुश सरकारले १९६० मा हत्या गरेको थियो । सयुक्त राष्ट्र संघको महासभाले १९९९ मा ति हत्या गरिएको मिरावल पेट्रिकाको स्मृतिलाई जिवन्त राख्न महिला विरुद्धको हिंसा अभियान शुरु गरिएको हो ।

महिला हिंसा विरुद्धको अभियान सुरु हुँदा पनि महिलामाथीको हिंसाका समाचार तारन्तर आउने गरेका छन् । संचार माध्याम र समाजिक सञ्जालबाट आएका समाचारलाई हेर्ने हो भने हाम्रो समाज बैदिक परम्परा र व्यवहारबाट बाहिर गएको छ । महिला विरुद्धको हिंसा नितान्त मानवअधिकारको हनन् हो । महिला विरुद्धको हिंसा लैंगिक असमानताको उपज हो । जुन समाजमा महिला र पुरुष वीच असमान व्यवहार छ त्यहाँ महिला माथिको हिंसा बढी छ । वैद्धिक सनातन हिन्दु अनि हाम्रो बैदिक परम्पराको व्यवहारिक नियममा महिला पुरुष दुबैलाई समानता र आधार दिएको छ । जे जति घटनाहरु सार्वजनिक भएका छन् ती घटनाहरु कहालीलाग्दा छन् महिला माथि हुने हिंसा मानवअधिकार विरोधीकार्य हो भन्ने कुरा स्थापित गराउन संचारमाध्यमले सशक्त भूमिका खेल्दै आएका छन् । १६ दिने अभियानमा मात्र ति कुरा उजागर गरेर पुग्दैन । ३६५ दिनमा नै महिला हिंसा विरुद्धका घटना सार्वजनिक गरेर ग्रामिण तहदेखि राष्ट्रिय स्तर सम्म पुऱ्याउन सक्नुपर्दछ ।

प्रहरीमा जादा उजुरी लिन आलटाल गर्ने, पिडकलाई प्रशासनिक संरक्षण र अदालतले गर्ने फैसला कार्यान्वयनमा ढिलाईले पनि महिला हिंसामा कमि आउन सकेको छैन । सरकारले महिला माथि एसिड प्रहार गर्ने र वलात्कृत महिलाको उजुरी नलिने र पीडकलाई संरक्षण गर्ने र मिलापत्र गराउनेलाई कैद सजायँ गर्ने कानुन केपी शर्मा ओली सरकारले अध्यादेश मार्फत ल्याएको थियो । राजनीतिक उतारचढावले गर्दा संसद्ले कानुन बनाउन सकेको छैन । सरकारलाई यस्ता मुद्दा भन्दा गठबन्धन टिकाउनु मुख्य काम भएको छ । महिलामाथि हुने हिंसा कम गर्न । सरकारले मात्र गरेर पुग्दैन । घरैबाट शुरु गरे मात्र महिला हिंसा अन्त्य गर्न सकिन्छ । महिला हिंसा अन्त्य गर्न सरकार, नागरिक समाज र संचार माध्यमले ससक्त भुमिका खेल्न सकेमा मात्र महिलामाथि हुने हिंसा, यौन दुर्व्यवहारका घटनामा कमि आउनेछ । १६ दिने अभियान चलाएको सार्थक हुनेछ ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : मन चञ्चल |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : ब्यापारमा लाभ |
| मिथुन | : शत्रुको भय | धनु | : अप्रत्यसित लाभ |
| कर्कट | : शारीरिक झमेला | मकर | : सम्मान मिल्नेछ |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : मानसिक तनाब |
| कन्या | : झमेला बड्ने | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्भनुहोस् ।

# कांग्रेस बागलुङका दुई क्षेत्रमा नयाँ नेतृत्व, जिल्ला अधिवेशन शुक्रबार हुने

**पोखरापत्र संवाददाता**
**बागलुङ, ९ मंसिर**

नेपाली कांग्रेसको १४औं महाधिवेशनअन्तर्गत बागलुङका दुईवटै निर्वाचन क्षेत्रमा मङ्गलबारबाट सुरु भएको अधिवेशनले नयाँ नेतृत्व चयन गरेको छ । दुवै क्षेत्रमा सर्वसम्मत नेतृत्व चयन हुन नसकेपछि मतदान प्रक्रियाबाट नेतृत्व टुङ्गो लगाइएको हो ।

कांग्रेस बागलुङ क्षेत्र नं २ को सभापतिमा जोगलाल बुढा निर्वाचित हुनुभएको छ । बुढाले अर्का प्रत्यासी नरजङ्ग घर्तीमगरलाई ९० मतान्तरले पराजित गर्नुभयो । बुढाले ४१९ मत प्राप्त गर्दा घर्तीले ३२९ मतमात्रै प्राप्त गर्नुभयो । बुढा संस्थापन पक्षबाट र घर्ती संस्थापनइतरका नेता मानिनुहुन्छ । सचिवमा नारायणध्वज मल्ल र दीपक कुँवर निर्वाचित हुनुभयो । मल्लले ३८९ र घर्ती ३८० मत प्राप्त गर्नुभएको निर्वाचन अधिकृत ज्ञानेन्द्र पन्तले बताउनुभयो । सहसचिवमा दीपक कुँवर र निरन चन्द विजयी हुनुभयो । कुँवरले ४२२ र चन्दले ३२४ प्राप्त गर्नुभयो । नेपाली कांग्रेस महाधिवेशन प्रतिनिधिमा क्षेत्र नं २ बाट खुला सदस्यतर्फ जीत शेरचन, नरबहादुर पुन निरज, अर्जुन शेरचन, मञ्जेशबम मल्ल, दोर्ण कुँवर, भरत शर्मा गैरे, सागर पोखरेल, टेकराज पौडेल, सिंहबहादुर राना र तुलसिंह घर्तीमगर निर्वाचित हुनुभएको छ । प्रत्यक्ष महिलातर्फ गण्डकी थापा अधिकारी, गौता श्रीष, मञ्जु चालिसे र रेणुका काउचा निर्वाचित हुनुभएको छ ।

खसआर्यबाट महिला सदस्यमा सरस्वती शर्मा रिजाल, खसआर्य खुला सदस्यमा ऋषिराम कँडेल र तिलबहादुर अधिकारी निर्वाचित हुनुभयो । आदिवासी जनजाति महिला सदस्यमा राधिका पुन र लीलमाया पुन, आदिवासी खुलामा दीपेन्द्र श्रेष्ठ र देवेन्द्र घर्तीमगर निर्वाचित हुनुभयो । दलित महिला सदस्यमा लिमाया पौवी र दलित खुला सदस्यमा भूमिराज सुन्चौरी र सोमबहादुर पौवी दामु विजयी हुनुभयो । क्षेत्र नं २ मा संस्थापन पक्षका उम्मेदवार वियजी भएका छन् । क्षेत्रीयसमितिदेखिमहाधिवेशन प्रतिनिधिसम्म संस्थापन पक्षको बहुमत रहेको नेताले बताए । यहाँका उम्मेदवार स्पष्ट दुई पक्षमा विभाजित भएका थिए । कांग्रेस बागलुङ क्षेत्र नं १ मा चण्डीप्रसाद शर्मा विजयी हुनुभएको छ । प्रतिस्पर्धी खडकबहादुर थापालाई चार मतान्तरले पराजित गर्दै शर्मा विजयी हुनुभएको हो । शर्माले ५५४ मत प्राप्त गर्नुभएको छ भने थापाले ५५० मतमात्रै प्राप्त गर्नुभयो । सचिवमा शर्माको प्यानलबाटै जयराम भारी र गोविन्द पौडेल (गोपाल) र सहसचिवमा गणेश लम्साल र विष्णु पौडेल विजयी हुनुभएको छ । कांग्रेस महाधिवेशन प्रतिनिधिमा क्षेत्र नं १ बाट खुला सदस्यतर्फ जगदीशचन्द्र उपाध्याय, हरिहर शर्मा, डिल्लीराम सुवेदी, मणिभद्र शर्मा, कँडेल, प्रकाश शर्मा पौडेल, नवराज पौडेल, ओमकार थापा, चिरञ्जीवी गौतम, प्रकाश आचार्य र हरिप्रसाद श्रेष्ठ निर्वाचित हुनुभएको छ ।

खसआर्यबाट महिला सदस्यमा कमला पराजुली र भगवती शर्मा सापकोटा, खसआर्य खुला सदस्यमा उमाकान्त पौडेल, नरायण शर्मा पौडेल र विष्णु शर्माले चुनाव जित्नुभयो । आदिवासी जनजाति महिला सदस्यमा बेमकुमारी थापा, खुलामा वसन्तकुमार श्रेष्ठ र भीम श्रीषले चुनाव जित्नुभयो । दलित महिला सदस्यमा दुर्गादेवी विश्वकर्मा र दलित खुला सदस्यमा सीताराम रसाइली विजयी हुनुभयो । मुस्लिम, अपाङ्ग, अल्पसङ्ख्यकमा प्रेमबहादुर छन्त्याल निर्वाचित हुनुभएको छ ।

यसैगरी कांग्रेसको जिल्ला अधिवेशन यही मङ्सिर १० गते हुने भएको छ । जिल्ला अध्यक्षका लागि जगदीशचन्द्र उपाध्याय, द्रोण कुँवर, जित शेरचन र नवराज पौडेल आकाङ्क्षी देखिएका छन् ।

# थप ३०८ मा कोरोना संक्रमण पुष्टि, तीनको मृत्यु

**रासस**
**काठमाडौं, ९ मंसिर**

देशभर पछिल्लो २४ घण्टामा थप ३०८ जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ ।

यस अवधिमा आठ हजार ९०९ को पीसीआर परीक्षण गरिएको थियो । योसँगै नेपालमा पीसीआर विधिबाट कोरोना परीक्षण गरिँदा सङ्क्रमितको सङ्ख्या आठ लाख २० हजार २८५ पुगेको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ । एन्टिजेन विधिबाट परीक्षण गर्नेको सङ्ख्या ९५ हजार ४२४ पुगेको छ । पछिल्लो समय थप २९८ जना कोरोनाबाट निको भएका छन् ।

योसँगै निको हुनेको सङ्ख्या आठ लाख एक हजार ४२० पुगेको छ । निको हुने दर ९७ दशमलव सात प्रतिशत रहेको मन्त्रालयले जनाएको छ । पछिल्लो २४ घण्टामा कोरोनाबाट थप तीन जनाको मृत्यु भएको छ । योसँगै कोरोनाबाट मृत्यु हुनेको सङ्ख्या ११ हजार ५१६ पुगेको छ । कोरोनाबाट हुने मृत्युदर १.४ प्रतिशत रहेको छ । त्यसैगरी पछिल्लो समय एक लाख ७७ हजार ८८४ जनाले कोरोना भाइरसविरुद्धको खोप लगाएको मन्त्रालयले जनाएको छ । हाल देशभर सक्रिय सङ्क्रमितको सङ्ख्या सात हजार ३४९ रहेको छ । हाल होम आइसोलेशनमा छ हजार ९६१, संस्थागत आइसोलेशनमा ३८८, सघन उपचार कक्षमा १९७ र भेन्टिलेटरमा ४१ जनाको उपचार हुँदैछ ।

**नेपाल सकार**
**रक्षा मन्त्रालय**
**नेपाली सेना**

## श्री सैनिक अस्पताल पोखरा

## सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशित मिति २०७८/०८/१० गते ।)

सूचना नं. ०१

१. कास्की जिल्ला, पोखरा स्थित यस अस्पतालमा मर्मत गर्नुपर्ने भएकाले उक्त मर्मत कार्य गर्न ईच्छुक ईजाजत प्राप्त निर्माण व्यवसायी, रजिष्टर्ड कम्पनी/फर्म/संस्थाहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) औं दिन (मिति २०७८/०८/२४ गते) भित्र कार्यालय समयमा दरभाउपत्र फाराम शुल्क रु.१००० (एक हजार) मात्र (पछि फिर्ता नहुने गरि) तिरेर दरभाउपत्र खरिद गरी सो दरभाउपत्रमा उल्लेखित सर्त अनुसार सिलबन्दी दरभाउपत्र मिति २०७८/०८/२६ गतेको १२:०० बजे भित्र दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

२. साथै दर्ता हुन आएको दरभाउपत्र मिति २०७८/०८/२६ गतेको १३:०० बजे यस अस्पतालमा खोलिने व्यहोरा समेत सूचित गरिन्छ ।

दरभाउपत्र जमानत र कामको बिवरण

| सि. नं. | कामको बिवरण | निर्माण तथा मर्मत गर्नु पर्ने स्थान | कुल लागत रकम | पेश गर्नु पर्ने दरभाउपत्र फारम जमानत रकम रु. | दरभाउपत्र फाराम रकम रु. | कै. |
|---|---|---|---|---|---|---|
| १. | मर्मत कार्य | सैनिक अस्पताल हाताभित्र | ८,५०,०००.०० (मु.अ.कर सहित) | २५,०००.०० | १०००.०० | |

३. साथै, दरभाउपत्र खोलूवा मिति बिदाको दिन परेमा सो को भोलीपल्ट खोलुवा गरिनेछ ।

नोटः साथै माथि उल्लेखित सूचना सम्बन्धी कुनै दुविधा भएमा विस्तृत जानकारीको लागि अस्पतालको फोन नं.०६१-५३३८२३ मा सम्पर्क गर्न सकिनेछ ।

# आँबुखैरेनीमा आँखा शिविर

**पोखरापत्र संवाददाता**
**दमौली, ९ मंसिर**

तनहुँका आँबुखैरेनी गाउँपालिकामा सोमबारदेखि सञ्चालित आँखा शिविरमा १३४ वृद्धाका शल्यक्रिया गरिएको छ । शिविर एक दिन थप गरेर बिहीबारसम्म लम्ब्याइएको छ ।

नेपाल नेत्रज्योति सङ्घ, भरतपुर आँखा अस्पतालको आयोजना, आँबुखैरेनी गाउँपालिका र नेपाल नेत्रहीन सङ्घ पुनःस्थापना कार्यक्रम गोरखाको सहकार्यमा आँबुखैरेनी-३ मा शिविर सञ्चालन गरिएको छ । शिविरमा ५०० भन्दा बढीको आँखा परीक्षण गरिएको पुनःस्थापना कार्यक्रमका फिल्ड अधिकृत प्रेम महर्जनले जानकारी दिनुभयो । उहाँका अनुसार बिहीबार ५० जनाको शल्यक्रिया गरिनेछ । "तीन दिनसम्म शिविर सञ्चालन गर्ने तय भएकामा माग अत्यधिक भएपछि एक दिन थप गर्नुपर्‍यो, ५० जनाको आँखाको बिहीबार शल्यक्रिया गर्ने तय भएको छ", उहाँले भन्नुभयो । शिविरमा अधिकांश आँबुखैरेनीका र केही गोरखाका सर्वसाधारणले सेवा लिएका छन् । आँखामा मोतीयाविन्दु देखिएकाहरूको सोही ठाउँमा नै शल्यक्रिया गर्ने व्यवस्था मिलाइएको छ । भरतपुर आँखा अस्पतालका डा रञ्जितकुमार शाहको नेतृत्वमा चिकित्सकको टोलीले वृद्धवृद्धाको आँखाको शल्यक्रिया गरेको थियो । आफ्नै ठाउँमा आँखाको शल्यक्रिया गर्न पाउँदा वृद्धा हर्षित भएका छन् ।

आँबुखैरेनी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत विष्णुप्रसाद पोखरेलले गाउँपालिकाले नीतिगत निर्णय गरेर आँखा क्लिनिक र आँखा शिविर सञ्चालन गर्ने तयारी गरेको जानकारीदिनुभयो । " गाउँघरमै आँखाको शल्यक्रिया गर्न पाउँदा स्थानीयवासीलाई पनि सहज भयो, नत्र चितवन, पोखरा, काठमाडौँ जानुपर्ने बाध्यता थियो", उहाँले भन्नुभयो, "गाउँपालिकाले पनि अब शल्यक्रियासहितको शिविर सञ्चालन गर्ने तयारी गरेको छ ।"

# अटोरिक्सा अनुदानमा

**पोखरापत्र संवाददाता**
**पर्वत, ९ मंसिर**

फलेवास नगरपालिकाले नगरवासीलाई आवागमनमा सहज गराउन अनुदानमा अटोरिक्सा वितरण गर्ने भएको छ । नगरभित्रको ग्रामीण भेगमा बासिन्दालाई सहज, सरल, मितव्ययी, भरपर्दो, नियमित र गुणस्तरीय यातायातको पहुँच विस्तार गर्न ३० प्रतिशत अनुदानमा सातवटा अटोरिक्सा उपलब्ध गराउने गरी यो कार्यक्रम सुरु गर्न लागिएको नगरप्रमुख पदमपाणि शर्माले बताउनुभयो ।

फलेवासदेखि मुडिकुवासम्मको सडक कालोपत्र भएको र ग्रामीण क्षेत्रका सडक पनि सहज अवस्थामा रहेका कारण अटोरिक्सा सञ्चालन गर्न लागिएको उहाँको भनाइ थियो । 'ग्रामीण क्षेत्रसहित मुडिकुवा र फलेवासमा हिँडडुल गर्नका लागि खासै ट्याक्सी उपलब्ध छैन । सार्वजनिक सवारी साधन पनि नियमित नभएका कारण नागरिकलाई सास्ती भयो ।

"मान्छेले निजी सवारी साधन किन्नैपर्ने बाध्यता देखियो ", उहाँले भन्नुभयो, "सम्पन्नसँग त अहिले पनि निजी सवारी छन्, किन्न नसक्नेलाई त साह्रै कठिन छ । सातवटा अटोरिक्सा विभिन्न भेगलाई समेटेर सञ्चालन गर्न सकिएला ।"फलेवास नगरपालिकाका विभिन्न वडाबाट सदरमुकाम कुश्मा पुग्दा प्रायजसो जीप तथा बस छुट्नाका साथै एउटा वडाबाट अर्को वडामा जाँदा पनि जीप रिजर्भ गर्नुपर्ने वा हिँडेरै जानुपर्ने अवस्था छ ।

स्थानीयवासीलाई सर्वसुलभ दर तथा समयमै गन्तव्यमा पुऱ्याइदिने सवारी नभएका कारण पनि नगरपालिकाले अटोरिक्सा सञ्चालन गराउन लागेको हो । यसका लागि झन्डै रु १७ लाख पर्ने भएकामा बढीमा रु आठ लाखसम्म अनुदान दिइने नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत कृष्ण सापकोटाले बताउनुभयो । अनुदानका लागि नगरपालिकाभित्रको स्थायी बासिन्दा हुनाका साथै , विपन्न तथा बेरोजगार र कम्तीमा पनि पाँच वर्षसम्म अटोरिक्सा चलाएको मापदण्ड तोकिएको छ । प्राप्त अटोरिक्सा बिक्री गर्न नपाइने नियम पनि राखिएको छ । "यो कार्यक्रमबाट एक त नगरवासीलाई सर्वसुलभ सुविधा हुने भयो भने भनेका बेला सवारी साधान पनि उपलब्ध हुने भयो, " अधिकृत सापकोटाले भन्नुभयो,"यसले बेरोजगारलाई रोजगारी दिनेभयो । नगरका सडकमा बर्खायाममा अलि समस्या भए पनि हिउँदमा सरर सवारी चल्ने अवस्था छ ।" अटो रिक्साको अनुदान लिएको व्यक्तिले कम्तीमा पाँच वर्षसम्म सञ्चालन नगरेमा वा त्यो अवधिभन्दा अगाडि नै बेचेमा नगरपालिकाबाट दिइएको अनुदानमा १० प्रतिशत हर्जाना जोडेर अनुदान रकम फिर्ता दिनुपर्ने सर्तसमेत राखिएको छ । पर्वत सदरमुकाम कुश्मा बजारमा एउटा मात्रै अटो रिक्सा सञ्चालनमा छ ।

सोही कारण त्यसको व्यवस्थापन, सञ्चालन, भाडादर कायमलगायत विषय मिलाउन कार्यविधि निर्माणको काम भइरहेको अधिकृत सापकोटाले बताउनुभयो । इच्छुक तथा मापदण्ड पुगेका नागरिकले खरिद गर्ने ती रिक्सा ४१० सिसी, सातजनाको सिट क्षमता तथा पेट्रोलबाट चल्ने इञ्जिन भएको हुनुपर्ने भनिएको छ ।

# नेपाल-रोमानियाबीचको श्रम सम्झौतालाई अन्तिम रुप दिन आग्रह

**रासस**
**काठमाडौं, ९ मंसिर**

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठसँग नेपालका लागि रोमानियाका नवनियुक्त राजदूत डेनियला सेजोनोभ टेनले शिष्टाचार भेट गर्नुभएको छ । मन्त्रालयमा आज भएको भेटवार्तामा उहाँहरूबीच नेपाल-रोमानियाबीचको आपसी सम्बन्ध र दुईपक्षीय चासोबारे छलफल भएको थियो । भेटमा मन्त्री श्रेष्ठले रोजगारीका लागि रोमानिया जान चाहने नेपालीले भिसा आवेदनका लागि भारतको नयाँदिल्ली जानुपर्ने बाध्यता रहेकाले नेपालबाटै हुने गरी सहजीकरणका लागि समन्वय गर्न आग्रह गर्नुभयो ।

नेपालले द्विपक्षीय श्रमसम्झौताको मस्यौदा तयार गरी रोमानिया सरकारलाई हस्तान्तरण गरेको स्मरण गराउँदै सम्झौतालाई अन्तिम रुप दिएर कार्यान्वयनमा ल्याउन उहाँले आग्रह गर्नुभयो । पछिल्ला पाँच वर्षमा मात्र श्रम स्वीकृति लिएर सङ्ख्या सात हजार ६१८ नेपाली रोमानिया पुगेका छन् । भेटमा राजदूत डेनियलाले रोमानिया सरकार नेपालसँग सहकार्य गर्न तयार रहेको बताउनुभएको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले जनाएको छ ।

# पोखरा आर्दश सेकेण्डरी स्कुलमा खेलकुद कार्यक्रम सम्पन्न

**पोखरापत्र संवाददाता**
**पोखरा, ९ मंसिर**

पोखरा आदर्श सेकेण्डरी स्कुल, पोखरा -१, बगरले दुई दिवसीय अन्तर सदनात्मक खेलकुद कार्यक्रम २०७८ बिहिबार सम्पन्न गऱ्यो ।

विद्यालयका प्राचार्य श्री फणिन्द्र अधिकारीले बल पास गरी उद्घाटन गरिएको कार्यक्रममा पूर्व प्रा.वि. आधारभूत र मा.वि. गरी तीन तहमा विभाजन गरी खेल सञ्चालन भएको थियो । प्रतियोगितात्मक कार्यक्रममा पूर्व प्रा.वि.तहतर्फ गुच्चा गन्ने खेल, स्मरण शक्ति खेल, हिसाव दौड, मिठाइ दौड, बेलुन फुटाउने खेल कुर्चि दौड तातो आलु र छिटो खाने खेलहरु रहेका थिए। त्यसैगरी प्रा.वि. तहतर्फ चम्चा दौड, कुर्ची दौड, बेलुन फुटाउने, १०० मि. दौड, पानी भर्ने खेल, कवर्दी, फुटवल जस्ता खेलहरु रहेका थिए भने मा.वि. तहतर्फ फुटबल, भलिबल, टेवल टेनिस, कवर्दी, १०० मिटर दौड, रिले दौड,४०० मिटर दौड, लङजम्प रस्साकस्सी दौड, सटफुट खोखो जस्ता खेलहरु सम्पन्न भएको जानकारी विद्यालयका अतिरिक्त क्रियाकलाप प्रमुख तिलक बराललले हामीलाई जानकारी दिए । प्रतियोगिताम सिनियर फूटबल तर्फ रातो सदन प्रथम र हरियो सदनले द्वितीय स्थान हासिल गरे । सिनियर स्किपिङ तर्फ निलो सदन प्रथम र रातो सदन द्वितीय र हरियो सदनले तृतीय स्थान हासिल गरे सिनियर छात्रातर्फको ४०० मिटर दौडतर्फ हरियो सदनले अग्रता लियो भने १८० मिटर दौड तर्फ हरियो सदन नै बिजेता बन्न सफल भयो । रिले दौडतर्फ हरियो सदन प्रथम, पहेंलो सदन द्वितीय र रातो सदनले तृतीय स्थान हासिल गरे । त्यसैगरी छात्रातर्फ १०० मिटर दौड अन्तर्गत निलो सदन प्रथम, पहेंलो सदन द्वितीय र तृतीय स्थान हासिल गरे । यसैगरी छात्रतर्फ १०० मि. दौडतर्फ (८-१०) रातो सदन प्रथम, निलो सदन द्वितीय र पहेलो सदनले तृतीय स्थान हासिल गरे । त्यसैगरी ४०० मि. दौडतर्फ रातो सदन प्रथम, पहेंलो सदनले क्रमशः द्वितीय र तृतीय स्थान हासिल गरे । निलो सदन द्वितीय र तृतीय र पहेंलो सदनले तृतीय स्थान हासिल गरे । चम्चा दौडतर्फ हरियो सदनले प्रथम, पहेंलो सदन द्वितीय र हरियो सदनले तृतीय स्थान हासिल गरे । सटफुटतर्फ रातो सदन प्रथम, र द्वितीय अनि तृतीय स्थान निलो सदनले प्राप्त गरेको थियो । कपर्दीतफ हरियो सदन प्रथम र निलो सदन द्वितीय स्थान हासिल गऱ्यो भने खो खो खेलमा निलो सदन प्रथम र हरियो सदनले द्वितीय स्थान हासिल गरेको थियो ।

रस्सारस्सी दौड अन्तर्गत छात्रा, छात्र तर्फ रातो सदन प्रथम र पहेलो सदनले द्वितीय स्थान हासिल गरे । भलिबलतर्फ रातो सदन प्रथम र पहेंलो सदनले द्वितीय स्थान हासिल गरेको थियो । लङजम्पतर्फ रातो सदन प्रथम र द्वितीय र निलो सदनले तृतीय स्थान हासिल गरे । टेबलटेनिस तर्फ पहेंलो सदन प्रथम, रातो सदनले द्वितीय र तृतीय स्थान हासिल गरेको थियो ।

विजेता विद्यार्थीलाइ एक कार्यक्रमका बीच पुरस्कार दिने जानकारी विद्यालय प्रशासक श्री गोविन्द प्रसाद पौड्याललले दिए भने कार्यक्रमको सञ्चालन विद्यालयका सह-प्राचार्य ज्ञानेश्वर सुवेदी र अतिरिक्त कार्यकलाप प्रमुख श्री तिलक बराललले गरेका थिए ।

# आन्तरिक पर्यटकको रोजाइमा 'बाहुनथान'

**पोखरापत्र संवाददाता**
**वालिङ, ९ मंसिर**

झट्ट हेर्दा बीचमा उठेको पहाड । रुख बिरुवाबिनाको खुला केही समथर र भिरालो पहाड । वालिङ बजारबाट नजिकै रहेको शान्त, मनोरम र दृश्यावलोकनका लागि महत्वपूर्ण मानिएको ' बाहुनथान' पछिल्लो पटक आन्तरिक पर्यटकको रोजाइ बन्न थालेको छ ।

पैदलमार्गबाट एकदेखि डेढघण्टा र सवारीसाधनमा वालिङ बजारबाट १५ मिनेटमा उक्त ठाउँमा पुग्न सकिन्छ । हिमशृङ्खलासहित वालिङ नगरपालिकाका मुख्य-मुख्य बजार, आँधीखोला र खोला किनारका समथर भूभागसहित स्याङ्जा र अन्य जिल्लाका विभिन्न ठाउँको दृश्यावलोकन गर्न सकिने भएकाले यहाँ दैनिक सयौँको सङ्ख्यामा आन्तरिक पर्यटक पुग्ने गरेका छन् । सामाजिक सञ्जाल टिकटक र फेसबुकको माध्यमबाट प्रचारमा आएको उक्त क्षेत्रमा रमाउन टाढाटाढाबाट मानिसहरू पुग्न थालेका छन् । अन्य दिनको तुलनामा शुक्रबार र शनिबार यहाँ ठूलो सङ्ख्यामा आन्तरिक पर्यटक आउने गरेका छन् । अधिकांशले टिकटक र फेसबुकको माध्यमबाट थाहा पाएपछि रमाइलो गर्न यस क्षेत्रमा पुगेको बताएका छन् । आन्तरिक पर्यटकको रोजाइमा पर्न थालेपछि यहाँ व्यापार व्यवसाय पनि फस्टाउँदै गएको स्थानीयवासीको भनाइ छ । कोभिड-१९ को सङ्क्रमणका कारण घरभित्रै रहनुपर्ने बाध्यात्मक अवस्था हटेर विस्तारै जनजीवन सामान्यतर्फ उन्मुख हुँदै गर्दा झनै यस ठाउँमा आन्तरिक पर्यटक पुग्ने गरेका छन् । पछिल्लो समय उक्त स्थानमा साना तथा ठूला सवार 'साधन पुग्नका लागि केही सडक कालोपत्र गरिएको छ भने केही सडकलाई स्तरोन्नति गरिएको छ । सडक कालोपत्र भएसँगै विशेषगरी अटो र मोटरसाइकलमा पारिवारिक घुमघामका लागि रुचाइएको स्थलका रूपमा बाहुनथानलाई लिने गरेका छन् । स्मार्ट सिटीको अवधारणासहित अगाडि बढ्दै गरेको वालिङ नगरपालिकाभित्रका विशेषगरी बजारका घरमा एउटै 'पिङ्क कलर' लगाउने अभियान अगाडि बढाएसँगै यो क्षेत्र झनै मनमोहक देखिने गरेको छ ।

त त्का ली न बाइसे/चौबीसे राज्यको गह्रौंकोटे राज्यका बाघखोरकी रानी लालकुमारी खाँणले करिब १०० वर्षअघि उक्त जग्गा गौचरनका रूपमा छाड्नुभएको हो । उक्त ठाउँमा 'खाँणदेवी' को मन्दिर स्थापना गरिएको र त्यहाँ पूजा गर्ने पूजारी गैह्रे जातिको बाहुन भएका हुनाले त्यस ठाउँलाई ' बाहुनथान' भन्न थालिएको वालिङ नगरप्रमुख दिलीपप्रताप खाँणले बताउनुभयो । "आन्तरिक तथा बाह्य पर्यटनका दृष्टि प्रचुर सम्भावना बोकेको रमणीय ठाउँ भएकाले यसको गुरुयोजना बनाएर काम अगाडि बढाएका छौँ", उहाँले भन्नुभयो, "डिपिआर तयार पारेर पर्यटन मन्त्रालय, विभाग र नगरपालिकाको लागत साझेदारीमा काम गर्ने गरी बोलपत्र प्रक्रिया अगाडि बढाउने तयारीमा छौँ ।"

रु सात करोड लागतमा त्यहाँ इकोलोजिकल, बायोइञ्जीनियर विधिबाट उद्यान निर्माण गर्नका लागि डिपिआर तयार गरिएको नगरप्रमुख खाँणले बताउनुभयो । त्यहाँसम्म पुग्नका लागि सडक कालोपत्र गर्ने, खानेपानीको व्यवस्थापन, अन्य पूर्वाधार निर्माण गरिएको छ ।

पहिले पहिले यहाँ फलेका साग तरकारी र फलफूल किन्ने मान्छे नहुँदा बारीमै कुहिने गरेका थिए, अहिले बाहुनथानमा आन्तरिक पर्यटक आउन थालेपछि बिक्री हुन थालेको छ, यसबाट राम्रै आम्दानी हुने गरेको स्थानीयवासीको भनाइ छ ।

# स्थानीयवासीद्वारा घारखोला जलविद्युत् आयोजनाको काम ठप्प

**पोखरापत्र संवाददाता**
**बेनी, ९ मंसिर**

म्याग्दीको अन्नपूर्ण गाउँपालिकामा निर्माणाधीन १४ मेगावाट क्षमताको घारखोला जलविद्युत् आयोजनामा स्थानीयवासीले काम रोकेर अवरोध गरेका छन् ।

वडा नं ६ घारको प्रभावित क्षेत्रमा पर्ने सडक स्तरोन्नति नगरेको र क्षति पुगेका जग्गाधनीलाई मुआब्जा दिन आयोजनाले आनाकानी गरेको भन्दै स्थानीयवासीले बुधबारदेखि आयोजनाको सम्पूर्ण काम ठप्प पारेका हुन् । स्थानीयवासीका जायज मागमा आयोजनाले बेवास्ता गरेको र पटक-पटकको ताकेतालाई समेत सम्बोधन नगरेपछि आन्दोलनमै उत्रिएर आयोजनाको सबै काम ठप्प पार्नुपरेको सङ्घर्ष समितिका संयोजक राजु बरुवालले बताउनुभयो ।

बरुवालको नेतृत्वमा आयोजनाको निर्माण कार्य भइरहेको क्षेत्रमा पुगेका दुई दर्जन स्थानीयवासीले सुरुङमार्गमा बार लगाइदिएका छन् । त्यसैगरी आयोजनाको स्टोर, क्रसर, सवारी मर्मतस्थललगायत सबै ठाउँको काम ठप्प पारेका छन् । म्याग्दी हाइड्रोपावर कम्पनी प्रवर्द्धक रहेको यस आयोजनामा सुरुङ ब्रेकथु भएर अन्य ड्याम साइट र विद्युत् गृहतर्फको काम अघि बढेको थियो । आयोजनाको आन्तरिक पहुँचमार्ग बिरौटाबाट कुरिलाबौरसम्म पर्ने करिब तीन किलोमिटर सडक स्तरोन्नति र यस मार्गका कारण क्षति भएकाको लागि क्षतिपूर्ति तथा मौखिकरुपमा गरिएका सम्झौता आयोजनाले कार्यान्वयन नगरेकाले दबाबमूलक आन्दोलनमा उत्रिनु परेको स्थानीयवासीको भनाइ छ । स्थानीयवासीले आन्तरिक पहुँचमार्गलाई ग्याबिन जाली लगाएर मेसिनरी पर्खाल लगाउने, नाली निर्माणसहित दुई लेनको बनाउनुपर्ने र आवश्यकताअनुसार, सोलिङ र ढलानसँगै कालोपत्र गर्नुपर्ने माग गरेका छन् । आयोजनाले पहुँचमार्गको चौडाइ बढाउँदा आवश्यक पर्ने व्यक्तिगत जग्गालाई उचित मुआब्जा दिनुपर्ने, पहुँचमार्गमा पर्ने खोला तथा खोल्सीमा पुल र ह्युम पाइपको व्यवस्था गरिनुपर्ने माग गरिएको छ। त्यसैगरी व्यक्तिका तथा सार्वजनिक जग्गा संरक्षणका लागि पहुँचमार्ग निर्माण गर्दा असर पुगेका ठाउँमा आवश्यकतानुसार पर्खाल र ग्याबिन जाली लगाउनुपर्ने, प्रभावित क्षेत्रका खानेपानीका मूल सुक्दै गएको पाइएकाले मूलको अनुगमन तथा संरक्षण गर्नुपर्ने, पहुँचमार्गका कारणले सिँचाइमा असुविधा पुगेकाले वैकल्पिक सिँचाइ सुविधाको प्रबन्ध मिलाउन माग गरिएको छ ।

अन्नपूर्ण-५ शिख र ६ घारको सीमा क्षेत्रमा पर्ने कुरीलाबगरमा बाँध रहने यस आयोजनामा सुरुङमार्गबाट पानी लगेर पोखरेबगरमा रहने विद्युत्गृहमा खसालेर विद्युत् उत्पादन गर्ने तयारी छ । विसं २०७४ चैतबाट निर्माण सुरु गरिएको यस आयोजनाबाट आगामी असार मसान्तभित्रै विद्युत् उत्पादन गर्ने गरि निर्माण कार्य अघि बढाइएको थियो । कूल रु दुई अर्ब ४२ करोड लागत अनुमान गरिएको यस आयोजनामा कोरोनाका कारण निर्माणको काम पछि धकेलिएसँगै लागत बढ्ने देखिएको आयोजनाले जनाएको छ ।

# पर्यटक पर्खँदै रोमाञ्चक लभ्लीहिल

**रासस**
**म्याग्दी, ९ मंसिर**

उत्तरतर्फ आँखै अगाडि चाँदीझैं सेता टलक्क टल्केका हिमशृङ्खला, नजिकै सुन्दर नगरी बेनी बजारलाई काखमा राखेर नागबेली हुँदै बगेका म्याग्दी नदी र कालीगण्डकी । हरिया बगैँचा, रुखका बुट्यान, हावामा बयेली खेलिरहेका फूल, भुर्रभुर्र उडिरहेकाचराअनिबेपर्वाहआपसमा प्रेमलाप गरिरहेका जोडीहरू देखिने लभ्लीहिल (प्रणयशिखर) पर्यटकको पर्खाइमा छ ।

आसपासमा देखिने हिमशृङ्खला, चौतर्फी देखिने हरियाली र आकर्षक भू-बनोटलगायत मनमोहक दृश्यले यस ठाउँलाई प्रेममैत्री बनाएको छ । सदरमुकाम बेनीको दक्षिणी मोहोडाको शिरमा रहेको लभ्लीहिल प्रेमजोडीको रोजाइमा पर्न थालेको हो । प्राकृतिक सौन्दर्यमा हराउँदै आपसमा बाँधिएर सुदूर अतितको कल्पनामा डुबुल्की मार्न दैनिक सयौँको सङ्ख्यामा आउने प्रेमजोडी यहाँबाट देखिने रोमाञ्चक दृश्य हेर्दै प्रेममा डुबुल्की मारिरहेका देखिन्छन् । कोरोना भाइरस सङ्क्रमणका डरले साउन महिनासम्म सुनसान देखिएको लभ्लीहिल हिजोआज गुल्जार हुन थालेको छ ।

बेनीबाट ३० मिनेटभित्रै पुग्न सकिने बेनी नगरपालिका-२ खबरा नजिकै अवस्थित लभ्लीहिलमा ' मर्निङ वाक', 'इभनिङ वाक' गर्नेदेखि दिउँसोको समयमा घुम्न आउने आन्तरिक पर्यटक र प्रेमको तिर्खा मेट्न आउने थुप्रै तन्नेरीका कारण हिजोआज आकर्षणको केन्द्र बन्दै जान थालेको छ ।

पूर्वाधार निर्माणसँगै पछिल्लो समय म्याग्दीको सदरमुकाम बेनीबजार नजिकै रहेको पर्यटकीय तथा रमणीयस्थल लभ्लीहिल पर्यटक आकर्षणको केन्द्र बने पनि लकडाउनले यसलाई ओझेलमा पारेको थियो तर अहिले कोरोना सङ्क्रमणको दर केही कम भएकाले यहाँ रौनक सुरु भएको स्थानीय चन्द्रबहादुर कार्कीले बताउनुभयो ।

आन्तरिक र बाह्य पर्यटकको मुख्य आकर्षणको केन्द्रका रूपमा रहेको लभ्लीहिल विशेषगरी युवायुवतीका लागि 'डेटिङ स्पोट'का रूपमा विकसित भएको छ भने विभिन्न जिल्लाबाट म्याग्दीको बेनीबजार आउने आन्तरिक पर्यटकका लागि पनि आकर्षक गन्तव्यस्थल पनि बनेको छ । बेनीबजारसँगै जोडिएको खबरा नजिकैको खाराको डाँडोलाई लभ्लीहिल नामाकरण गरिएको छ ।

लभ्लीहिलबाट बेनीबजार, गलेश्वर, पौलस्त्य आश्रम, जगन्नाथ मन्दिर, भकिम्लीको स्वर्गाश्रम, पर्वत बेनी र मल्लाजलगायत क्षेत्र देख्न सकिन्छ । यसैगरी म्याग्दी जिल्लाको अधिकांश भू-भागका साथै उत्तरी पर्वतको जलजला गाउँपालिकासहित संसारको सातौँ अग्लो चुचुरो धवलागिरि, अन्नपूर्ण हिमाल तथा सूर्योदय समेत यहाँबाट अवलोकन गर्न पाइन्छ । बेनीबजार आसपासका क्षेत्रबाट बग्ने म्याग्दी र कालीगण्डकी नदीको बहावलगायत आकर्षक दृश्य अवलोकन गर्न सकिने सदरमुकाम नजिकको गन्तव्य भएकाले पनि यहाँ थप पूर्वाधार तथा प्रचारप्रसार भएमा आर्थिक कारोबार हुनाका साथै नयाँ बस्ती बढ्ने सम्भावना छ ।

केही वर्षयता दैनिकजसो समूह बनाएर घुम्न जाने स्थानमा परेको लभ्लीहिललाई आन्तरिक तथा बाह्य पर्यटकको रोजाइमा पर्नेगरी पर्यटकीय गन्तव्य बनाउनुपर्ने जिल्लाका पर्यटन व्यवसायी बताउँछन् । लभ्लीहिलमा रेष्टुरेन्ट, भ्यूटावर, स्वीमिङ पुललगायत बालबालिकादेखि बृद्धबृद्धा रमाउने स्थलका रूपमा विकसित भइरहेको छ ।

यस क्षेत्रमा खान र बस्नका लागि आवश्यक व्यवस्थासहित थप पर्यटन पूर्वाधार निर्माण भएमा म्याग्दी र मुस्ताङ भ्रमणमा आउने पर्यटकलाई आकर्षित गर्न सकिने स्थानीयवासीको भनाइ छ ।

# आलु र च्याङ्ग्रा जोन कार्यक्रम सुरु

**पोखरापत्र संवाददाता**
**म्याग्दी, ९ मंसिर**

सरकारले प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गत कृषिउपजका सम्भावना र उत्पादनका आधारमा पकेट, ब्लग, जोन र सुपर जोन क्षेत्र घोषणा गरेर विभिन्न कार्यक्रम ल्याउँदै आएको छ ।

यसैअनुसार सरकारले म्याग्दी र मुस्ताङका पाँच वटा स्थानीय तहमा यस वर्षदेखि आलु र च्याङ्ग्राको व्यावसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जोन) सुरु गरेको छ। म्याग्दीका रघुगङ्गा गाउँपालिकाको ६, ७ र ८ तथा अन्नपूर्ण गाउँपालिकाको ५, ६, ७ र ८ नम्बर वडामा आलु जोन सुरु गरेको छ । परियोजनाका कृषि अधिकृत विक्रम बस्यालले मुस्ताङको बारागुङ मुक्तिक्षेत्र, लोघेकर-दामोदरकुण्ड र लोमान्थाङ गाउँपालिकामा च्याङ्ग्रा जोन सञ्चालन भएको जानकारी दिनुभयो । "व्यावसायिक आलुखेती र च्याङ्ग्रापालन विस्तार, गुणस्तर सुधार, उत्पादन वृद्धि र बजारीकरणमा सघाउने उद्देश्यले जोन कार्यक्रम सुरु भएको हो," उहाँले भन्नुभयो, "पालिका र जिल्लास्तरमा सरोकारवालाको सिफारिसपछि थपिएको आलु र च्याङ्ग्रा जोन कार्यक्रम किसानको सञ्चालक समिति गठन गरेर कार्यान्वयनमा हुन्छ ।" कृषि उत्पादनका आधारमा विशेष क्षेत्र छुट्याएर कृषिमैत्री कार्यक्रम ल्याएपछि यस क्षेत्रका किसान उत्साहित छन् । कृषि ज्ञान केन्द्रमार्फत आलु बल्क कार्यक्रम सञ्चालन भएको रघुगङ्गा-८ कुइनेमङ्गले र अन्नपूर्ण-८ राम्चे बाहेकका वडामा यस वर्षदेखि कार्यक्रम कार्यान्वयन हुने अधिकृत बस्यालले बताउनुभयो । ती वडामा आगामी वर्षदेखि जोनको कार्यक्रम हुनेछ । बारागुङ मुक्तिक्षेत्रको खिङगा, झोङ, ताङवे, तेताङ, कागबेनी र ढाकार जुङ, लोघेकर-दामोदरकुण्डको चराङ, मराङ, घिलिङ र ताङ्ग्या, लोमान्थाङ गाउँपालिकाको छोसेर र छोन्हुपमा च्याङ्ग्रा जोन सुरु गर्न लागेको हो । आलु जोनका लागि रु १३ लाख चार हजार र च्याङ्ग्रा जोनका लागि रु २० लाख ४० हजार बजेट विनियोजन भएको छ । यसअघि मुस्ताङमा स्याउ, म्याग्दीमा बङ्गुर र म्याग्दी, पर्वत र बागलुङका सात वटा पालिकालाई समेटेर सुन्तला जोन सञ्चालन भएको थियो ।

पुराना जोनका लागि यसपालि रु तीन करोड ५३ लाख बजेट प्राप्त भएको परियोजना कार्यान्वयन इकाईका प्रमुख वरिष्ठ पशु चिकित्सक सुधीर थापाले बताउनुभयो । "कृषि क्षेत्रको उत्पादन वृद्धि, सुशासन, बजारमा प्रतिस्पर्धायोग्य वस्तुको उत्पादनसँगै कृषिलाई उद्योगमा रूपान्तरण गर्ने परियोजनाको मुख्य उद्देश्य हो," उहाँले भन्नुभयो, "जोनमार्फत किसानले विभिन्न योजनामा ५० देखि ८५ प्रतिशतसम्म अनुदान पाउछन् ।"

# ठडिदै छ, बडिगाडको 'सिंहदरबार'

**पोखरापत्र संवाददाता**
**बागलुङ, ९ मंसिर**

बागलुङको बडिगाड गाउँपालिकाको अत्याधुनिक सुविधासम्पन्न प्रशासनिक भवन निर्माण अन्तिम चरणमा पुगेको छ ।

अहिले अत्याधुनिक सुविधा सम्पन्न भवनको फिनिसिङको कामले तीव्रता पाएको छ । स्थानीय तह स्थापनाको पहिलो पाँच वर्षमा बडिगाड गाउँपालिकाको 'सिंहदरबार' अन्तिम चरणमा पुगेको छ ।

काठमाडौँको सिंहदरबार सङ्घीयतापछि जनताको सेवाका लागि गाउँमै ठडिन थालेका हुन् । जनतालाई सेवा सुविधामा सरलता प्रदान गर्नका लागि अहिले स्थानीयतहमा धमाधम प्रशासनिक भवन ठडिन थालेका छन् । जसमध्ये बडिगाड गाउँपालिकाको केन्द्र खार बजारमा प्रशासनिक भवनको निर्माण अहिले अन्तिम चरणमा पुगेको बडिगाड गाउँपालिकाले जनाएको छ । उक्त भवन जिल्लाकै पहिलो अत्याधुनिक सुविधा सम्पन्न भवन हुनेछ । त्यस्तै ताराखोला सुविधा सम्पन्न भवनसमेत अहिले निर्माण भइहेको छ । १० स्थानीय तह रहेको बागलुङ जिल्लामा अहिले बडिगाड र ताराखोला गाउँपालिकाको मात्रै अत्याधुनिक प्रशासनिक भवन निर्माण भइरहेको हो । अन्य पालिकाले भने भवन निर्माणका लागि जग्गाको टुङ्गो लगाइसकेका छन् भने केही स्थानीय तहको भने अन्योल अझै कायम रहेको छ । बडिगाड गाउँपालिका-५ ग्वालिचौरस्थित खार बजारमा स्थानीयवासीले निःशुल्क रूपमा गाउँपालिकाको नाममा ११ रोपनी जग्गा प्रदान गरेपछि गत वर्षदेखि प्रशासनिक भवन निर्माण थालिएको गाउँपालिकाका अध्यक्ष मेहरसिंह पाइजाले जानकारी दिनुभयो ।

अहिले भवनको तीन तला ढलानको काम सम्पन्न भएर प्लाष्टर अन्तिम चरणमा पुगेको छ । अहिले अत्याधुनिक सुविधा सम्पन्न भवनको कामले तीव्रता पाएको र हालसम्म ८० प्रतिशत काम सम्पन्न भइसकेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत बालकृष्ण सुवेदीले जानकारी दिनुभयो ।

"भवन निर्माणको कामप्रति सन्तुष्ट छौं, तीन चार महिनामा हस्तान्तरण होला भन्नेछ, कोरानाका कारण म्याद भन्दा दुई महिना ढिलो होला" प्रशासकीय अधिकृत बालकृष्ण सुवेदीले भन्नुभयो, "गण्डकी प्रदेशमानै यस्ता अत्याधुनिक भवन आधा दर्जन होलान, जिल्लामा यस्तो सुविधासम्पन्न भवन कतै बनेको छैन, भवनमा लिफ्ट, अपाङ्ग मैत्री, भूकम्पप्रतिरोधी लगायतका विशेषता छन् । "

तीन तलाको भवनबाट गाउँपालिकाले प्रदान गर्ने सम्पूर्ण सेवा तथा पालिकाका अन्य शाखा सञ्चालनका लागि अत्यन्तै सहजहुने प्रशासकीय अधिकृत सुवेदीले बताउनुभयो । १८ महिनामा सक्नेगरी रु पाँच करोड २२ लाखको लागतमा २०७७ जेठ १६ गते माउन्डेन कविन्द्र जेभीसँग निर्माण सम्झौता भएको थियो ।

कोरोना महामारीका कारण चार महिना ढिलोगरी काम सुरु भएको भवनको अहिले रङ्गरोगन, विद्युतीय काम, टायल, मार्बल तथा झ्याल ढोकाको मात्रै काम रहेको माउन्टेन कविन्द्र जेभीका आधिकारिक प्रतिनिधि उपेन्द्र अर्यालले जानकारी दिनुभयो ।

"कोरोना नभएको भए सम्पन्न मिति भन्दा चार महिना अघि भवन बुझाउने लक्ष्य थियो, त्यै पनि काम अन्तिम चरणमा पुगेको छ", उहाँले भन्नुभयो, "ढिलोमा चार महिनाभित्र गाउँपालिकालाई भवन हस्तान्तरण गर्ने लक्ष्य छ, पालिकाको सहयोगमा सम्पन्न गर्न मद्दत मिलेको हो ।" गाउँपालिकाका अनुसार ठेक्का सम्झौता सकिन एक महिना मात्रै बाँकी रहेपनि कामको प्रकृतिका आधारमा केही महिना थप गर्न सकिने छ ।

अहिले पालिकामा प्रशासनीक भवन बाहेक अन्य भौतिक संरचनासमेत धमाधम निर्माण भइरहेका छन् ।

पालिकाका १० वडामध्ये ८ वटा वडा निर्माणले तीव्रता पाएको छ । पालिकाको ६ नम्बरमा मात्रै वडा कार्यालयको भवन छैन । १ नम्बर वडामा पहिलै भवन थियो, भने ९ नम्बरमा वडा कार्यालयको नयाँ भवन निर्माणपछि सेवा दिइरहेको प्रमुख सुवेदीको भनाइ छ ।

कार्यालय परिसरमा पार्कीङको व्यवस्थासमेत हुनेछ भने भवनको माथिल्लो तलामा सुविधा सम्पन्न सभाहल हुनेछ । अहिले भाडाको साँघुरो घरबाट सेवा दिइरहेको छ । अत्याधुनिक सुविधा सम्पन्न भवनबाट सेवा दिँदा नागरिकलाई समेत सहज हुने गाउँपालिकाको अपेक्षा छ